आ.व. ०८१/८२ को प्रस्ताव तथा निर्णयहरु

**प्रस्ताव नं १** -प्रदेश सिमाङ्कन सम्बन्धमा ।

**निर्णय नं १** -प्रस्ताव नम्बर १ माथि छलफल गर्दा साविक हाल गण्डकी प्रदेश अन्तर्गत नवलपरासी ब.सु.पू. बिनय त्रिवेणी गाउँपालिकाको बडा नं ६ र ७ भौगोलिकरुपमा लुम्बिनी प्रदेश नवलपरासी ब.सु.प. सुस्ता गाउँपालिका सँग भौगोलिक तथा सामाजिक साँस्कृतिक रुपले पाएक पर्ने र लुम्बिनी प्रदेशको रुपन्देही र नवलपरासी(ब.सु.प.) को दाह संस्कार स्थल भएको र उक्त क्षेत्रको सहज निकास समेत सुस्ता गाउँपालिकाको क्षेत्रबाट हुने हुँदा माथि उल्लेखित विनयी त्रिवेणी गाउँपालिकाको वडा नं ६ र ७ लाई लुम्बिनी प्रदेश नवलपरासी ब.सु.प. सुस्ता गाउँपालिकामा समावेश गरी सुस्ता गाउँपालिकाको नाम त्रिवेणी सुस्ता कायम गर्न प्रदेश सरकार लुम्बिनी प्रदेश, प्रदेश सरकार, गण्डकी प्रदेश र संघीय सरकार निर्णयको लागि लेखि पठाउने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं २** - नदी जन्य पदार्थ निकासा सम्बन्धमा।

**निर्णय नं २** -प्रस्ताव नं २ माथि छलफल गर्दा जिल्ला भित्र सबै स्थानीय तहहरुले नदी जन्य पदार्थ निकासीको लागि कार्तिक मसान्त सम्म IEE, EIA रिपोर्ट जिल्ला समन्वय समितिमा पेश गर्ने र रामग्राम नगरपालिका अन्तरगत भएर बग्ने खोलाहरुबाट नदी जन्य पदार्थ आवश्यक प्रक्रिया पुराइ निकासी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३** -हुलाकी मार्ग निर्माण सम्बन्धमा ।

**निर्णय नं ३** -प्रस्ताव नं ३ माथि छलफल गर्दा यस जिल्लाको लाइफ लाइनको रुपमा रहेको हुलाकी राजमार्ग ठेक्का आवहान भई लामो समय देखि निर्माण कार्य रोकिएको जनताहरु अत्यन्तै सास्ति बेहोर्ने परेकोले उक्त सडक निर्माण कार्य तत्काल अगाडी बढाउन मिति २०८०।११।२८ गते सम्पूर्ण सरोकारवालाहरु सहित जिल्ला प्रशासन कार्यालय परासी नवलपरासीमा बसेको बैठकले समेत तत्काल काम कारवाही अगाडी बढाउन निर्णय गरेकोमा हाल सम्म पनि निर्णय कार्य अगाडी नबढेकोले निर्माण कार्य अगाडी बढाउन हुलाकी राजमार्ग आयोजना कार्यालय कपिलबस्तु ,सडक विभाग र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा तत्काल कार्य सञ्चालनको लागि लेखि पठाउने सर्व सम्मत निर्णय गरियो ।

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

**प्रस्ताव नं ४** -विद्यालय तथा धार्मिक क्षेत्रलाई प्लाष्टिक क्षेत्र मुक्त गर्ने सम्बन्धमा ।

**निर्णय नं ४** -प्रस्ताव नं ४ माथि छलफल गर्दा जिल्ला भित्र रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको खोज तलास तथा प्रचार प्रसार गरी विद्यालय र धार्मिक तथा पर्यटकिय क्षेत्रहरुलाई प्लाष्टिकमुक्त क्षेत्र घोषणा गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ५** -जिल्ला समन्वय समितिको भवन निर्माण सम्बन्धमा ।

**निर्णय नं ५** -प्रस्ताव नं ५ माथि छलफल गर्दा जिल्ला समन्वय समितिले ठेक्का आवहान गरी निर्माण भैरहेको जिल्ला समन्वय समितिको प्रशासनिक भवन निर्माणको अन्तिम अन्तिम चरणमा पुगेकोमा रकम अभावका कारण निर्माण कार्य रोकिने हुँदा यस जिल्ला भित्रका प्रत्येक नगरपालिकाले रु ७,००,०००। सात लाख र प्रत्येक गाउँपालिकाले रु ५,००,०००। पाँच लाख रकम जिल्ला समन्वय समितिको भवन निर्माणको लागि उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

भगोती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

नेपाल
संघीय मामिला तथा ... 
जिल्ला समन्वय समितिको कार्यालय
परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल